प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## प्रदेश विपद् व्यवस्थापन केन्द्रको मिति २०७७/०५/१६ को बैठको निर्णाय:

१. मिति २०७७/०४/२९ को प्रदेश विपद् व्यवस्थापन केन्द्र (PCMC) को बैठकको निर्णय नं. ६ का सम्बन्धमा कर्णाली प्रदेश प्रवेश गर्ने नाकाहरुमा अनिवार्य PCR Test Report का आधारमा मात्र प्रवेश गर्न दिने निर्णय भएकोमा अब उप्रान्त देहाएका आधारमा नाकालाई व्यवस्थित गर्ने निर्णय गरियो।

देहायः-

- संघीय सरकारको स्वास्थ्य सम्बन्धी नयाँ मापदण्ड अनुसार कार्यान्वयन गर्ने गराउने,
- सामाजिक तथा भौतिक दुरीलाई कायम गर्ने कार्य कडाइका साथ लागु गर्ने,
- संक्रमित स्थानलाई कोभिड-१९ सम्बन्धी प्रोटोकल अनुसार स्थानीय तहहरुसँग समन्वय/सहकार्य गरी स्थानीय प्रशासनले सिल गर्ने कार्य प्रचलित कानुन अनुसार गर्ने गराउने,
- कोभिड-१९ को लक्षण देखिएका व्यक्तिलाई अनिवार्य PCR Test गर्ने र कन्ट्र्याक्ट ट्रेसिङ्गका आधारमा क्वारेन्टिन/आइसोलेशनमा राख्ने व्यवस्था मिलाउने,
- उपरोक्त बाहेक PCMC बाट भएका पूर्ववत निर्णयहरु कडाइका साथ लागु गर्ने गराउने।

२. सामाजिक विकास मन्त्रालयलले उपयुक्त मापदण्ड बनाई कोरोना संक्रमितहरुलाई निशुल्क उपचार गर्ने व्यवस्था गर्ने गराउने।

३. कोभिड-१९ बाट हुन सक्ने प्रभावको विश्लेषण गरी आवश्यक पर्ने जनशक्ति, पूर्वाधार, उपचार सामग्री, औषधी तथा उपकरणको लेखाजोखा गरी आवश्यक प्रस्ताव सामाजिक विकास मन्त्रालयले पेश गर्ने र सोको लागि प्रभावकारी तयारी गर्ने।

४. प्रदेश सरकारबाट सञ्चालित क्वारेन्टिनमा खाना खुवाउन हालको लागि आवश्यक पर्ने बजेट रु. ७५ लाख उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई सम्बन्धित कोषबाट आन्तरिक मामिला तथा कानून मन्त्रालयले उपलब्ध गराउने।

२०७७/०५/१६
सचिव

२०७७/५/१६
महेन्द्र बहादुर शाही
मुख्यमन्त्री